# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०४।२४ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

साविक जिल्ला विकास समितिको कार्यालय, कालिकोटबाट आर्थिक बर्ष २०७०।०७१ मा सञ्चालन भएका उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति अन्तर्गतको कार्यक्रममा सरकारी तथा सार्वजनिक सम्पत्तिको हिनामिना भएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा साविकको जिल्ला विकास समितिको कार्यालय, कालिकोटबाट आ.व. २०७०/०७१ मा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम अन्तर्गत साविक जिल्ला विकास समितिको कार्यालय, कालिकोटले उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति अन्तर्गतको लक्षित कार्यक्रममा सिलाई मेशिन खरिद र उक्त सामानको ढुवानी गरेको खर्च देखाई पेश्की फछ्यौंट गर्ने साविक जिल्ला विकास समितिको कार्यालय, कालिकोटका तत्कालीन खरिदार राज बहादुर बमले झुट्टा बिल बनाई स्रेस्तामा समाबेश गरेको, पेश्की बुझिलिई जिम्मेवारी लिने र झुट्टा बिल समाबेश गरी खरिद नै नगरिएको सामानको ढुवानीबापतसमेतको खर्च देखाई पेश्की फछ्यौंट गर्ने तालिम कार्यक्रमका फोकल पर्सन **साविक जिल्ला विकास समितिको कार्यालय, कालिकोटका तत्कालीन खरिदार हाल पलाँता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालिकोटका नायव सुब्बा राज बहादुर बम**ले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर भएकोले निजलाई बिगो रु.२,३४,०११।२५ (दुई लाख चौतीस हजार एघार रुपैयाँ पच्चीस पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कैद सजाय र बिगोबमोजिम जरिवाना हुन एवं सोही दफा बमोजिम नक्कली विलको भुक्तानी लिएको बिगोसमेत निजबाट असुल हुन मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी